अन्नपूर्ण गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पाउँदवार म्याग्दी
गण्डकी प्रदेश, नेपाल

सम्पर्क नं : ९८५७६८३८१०
Email: ito.annamun@gmail.com
Web:annapurnamunmyagdi.gov.np

प.स. - ०८२/०८३
च.नं.- १६२३

सूचना प्रकाशित मिति: २०८३/०२/२८

विषय: सहकारी संस्था दर्ता खारेजी सम्बन्धी १५ (पन्ध्र) दिने सार्वजनिक सूचना ।।।

सावित्र डिभिजन सहकारी कार्यालय वाग्लुङ मा दर्ता भई यस अन्नपूर्ण गाउँपालिकामा अभिलेख हस्तान्तरण भई सञ्चालनमा रहेको देहाय बमोजिमको सहकारी संस्था विगत ५ (पाँच) वर्षभन्दा बढि अवधिदेखि निष्कृय रहेको र संस्था थप सञ्चालन गर्न नसकिने भनी संस्थाको साधारण सभाबाट सर्वसम्मत रूपमा विघटन गर्ने निर्णय भई दर्ता खारेजीका लागि यस कार्यालयमा निवेदन प्राप्त हुन आएको छ।

संस्थाका सेयर सदस्यहरूको सेयर पूँजी तथा बचत फिर्ता/बाँडफाँड भई आपसी लेनदेन चुक्ता भइसकेको भनी भरपाई समेत पेश भइसकेको अवस्थामा, यस गाउँपालिकाको सहकारी ऐन, २०७५ बमोजिम उक्त संस्थाको दर्ता खारेज गर्ने प्रक्रिया अगाडि बढाइएको छ।

तसर्थ, उक्त संस्थाको दर्ता खारेज गर्दा कुनै व्यक्ति, संघ-संस्था, बैंक वा वित्तीय निकायको कुनै पनि प्रकारको ऋण, धनमाल, दाबी, सर्वसाधारणको बचत वा अन्य कुनै दायित्व बाँकी रहेको भए यो सूचना प्रकाशित भएको मितिले **१५ (पन्ध्र) दिन भित्र** आफ्नो प्रमाण सहित यस गाउँपालिकाको सहकारी शाखामा लिखित दाबी विरोध पेश गर्नुहुन यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

उल्लेखित म्याद भित्र कुनै पनि दाबी विरोध वा उजुरी प्राप्त नभएमा कानुन बमोजिम उक्त सहकारी संस्थाको दर्ता खारेज गरिनेछ र म्याद नाघी आएको दाबी विरोध उपर पालिका उत्तरदायी हुने छैन।

सहकारीको विवरण:

- **संस्थाको नाम:** श्री खयर वराहा दुग्ध उत्पादक सहकारी संस्था लिमिटेड
- **दर्ता नम्बर:** ४६२/०६६/०६७
- **दर्ता मिति:** २०६६।१०।०७
- **कार्यालय रहेको सावित्र ठेगाना:** अन्नपूर्ण गा पा -५ पाउँदवार म्याग्दी

२०८३/०२/२८
कपिल पाण्डे
प्रमुख प्रशासकीय अधिकृत